# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २८ ] काठमाडौं, चैत २६ गते २०३५ साल [ अतिरिक्ताङ्क ६९ (क)

श्री ५ को सरकार

### गृह पञ्चायत मन्त्रालयको

### सूचना

जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले २०३५ साल माघ ३ गते जनकपुर अञ्चलअन्तरगत धनुषा जिल्लाको तारापट्टी सिर्सिया गाउँ पञ्चायतमा घटेको घटना सम्बन्धमा यथार्थ जाँचबुझ गरी श्री ५ को सरकार-समक्ष आफ्नो राय ठहरसहित प्रतिवेदन पेश गर्न देहायको अध्यक्ष र सदस्यहरू भएको जाँचबुझ आयोग गठन गरेको छ। उक्त आयोगको कार्यावधि काम शुरू गरेको मितिले ३० (तीस) दिनको हुनेछ।

(१) माननीय श्री पृथ्वीबहादुर सिं, मुख्य न्यायाधीश, पश्चिमाञ्चल क्षेत्रीय अदालत– अध्यक्ष

(२) श्री चन्द्रबहादुर पालदुंवा, गाउँफर्क अञ्चल अभियान समितिका अध्यक्ष, मेची अञ्चल– सदस्य

(३) श्री अइन्द्रविक्रम थाम्सुहाङ, जिल्ला पञ्चायत सभापति, पाँचथर– सदस्य

आज्ञाले–

सूर्यप्रसाद श्रेष्ठ

श्री ५ को सरकारको का.मु.सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

६५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।